आत्म हत्या समस्याको समाधान होइन, अमूल्य जीवन त्यसै खेर नफालौ, समस्याको समाधान खोजौं ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश


# बुद्ध दर्पण

राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily





वर्ष ८ अंक १६३ | १५ पुस २०७९ शुक्रबार | 30 December 2022 Friday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्दा गर्व महसुस : मन्त्री नेपाल

## ■ २५ सय ५७ घरधुरी परिवारले पिउने पानी सुरक्षित भएको प्रमाणित

**सरिता थारू**

कपिलबस्तु १४ पुस

बाणगंगा र गजेहडा भु.पू सैनिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति सुरक्षित खानेपानी युक्त समुदाय घोषणा भएको छ । यहाँबाट २५ सय ५७ घरधुरी परिवारले पिउने पानी सुरक्षित भएको प्रमाणीत भएपछि सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गरिएको हो । अन्तरपालिका स्तरिय दिगो खानेपानी सुरक्षा योजना तथा सुरक्षित खानेपानी युक्त समुदाय घोषण कार्यक्रमको आयोजना गरि सो घोषणा गरिएको हो । कार्यक्रममा लुम्बिनी प्रदेशकी पर्यटन, ग्रामीण सहरी विकास राज्य मन्त्री रिना नेपालले प्रमुख अतिथीको रुपमा बोल्दै सुरक्षित पिउने पानी पाउनु पर्ने सबै नागरिकको नैसर्गिक अधिकार भएको बताउदै प्रदेश सरकारले सुरिक्षत पिउनेपानीको उपलब्ध गराउन लागि परेको बताउनुभयो । उहाँले एकघर एक धाराको निति अनुसार प्रदेश सरकार लागि परेको बताउदै शुद्ध र सुरक्षित पानी वितरणका निम्ती प्रदेश सरकार लागि परेको बताउनुभयो ।



यस्तै कार्यक्रममा बाणगंगा नगरपालिकाका नगर प्रमुख चक्रपाणी अर्यालले पिउनेपानी सुरक्षित भएको घोषणा कार्यक्रम पालिकाले नै गर्व गर्न लायक कार्यक्रम भएको भन्दै विस्तारै नगरपालिकालाई नै सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो । यसैगरि नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत खिमानन्द भुषालले सामाजिक विकासको क्षेत्रमा सुरक्षित खानेपानी पनि एक खुड्कीलो रहेको बताउदै यसको निरन्तरताका लागि सबै सरोकारवाला निकायहरुले ध्यान दिनुपर्ने औल्याउनुभयो । कार्यक्रममा युनिसेफ नेपाललका वास अधिकृत सुरेन्द्र बाबु ढकालले सुरक्षित खानेपानी र सरसफाई नपाएकै कारण नेपालमा प्रत्यक बर्ष ५ बर्ष मुनिका १२ सय जना बालबालिकाको ज्यान जाने गरेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा खानेपानी उपभोक्ता हित संरक्षण मञ्चका प्रदेश सहसंयोजक सावित्रा रेग्मी, कपिलबस्तु उद्योग बाणिज्य सघंका अध्यक्ष डोलकराम घिमिरे,नागरिक समाज कपिलबस्तुका अध्यक्ष दोलख बहादुर पछाई, उपभोक्ता हित संरक्षण मञ्च कपिलबस्तुका अध्यक्ष भेषराज पाण्डे, द्रोणराज सुवेदी लगाएतले बोल्नुभएको थियो । कार्यक्रम उपभोक्ता समितीका अध्यक्ष राजेन्द्र विक्रम शाहको अध्यक्षता, सचिव कृष्ण बहादुर शाहीको संचालनमा भएको हो ।

# शितलहरको मारमा ज्यालामजदुर

कपिलवस्तु १४ पुस

तीन दिनदेखि चिसो ह्वात्तै बढेपछि कपिलवस्तु , दाङ , बाँके लगायत पश्चिम तराईको जनजीवन कष्टकर बनेको छ । बाँकेको नेपालगञ्ज, कोहलपुर, खजुरा, नरैनापुरलगायत क्षेत्रमा चिसोले जनजीवन प्रभावित छ । बिहानैदेखि बाक्लो हुस्सु र कुहिरो लागेको छ । चिसोले बजार तथा सहरी क्षेत्रमा चहलपहल घटेको छ । सडकमा सवारीसाधन



न्यून चलेका छन् । नेपालगञ्जमा बिहानैदेखि हुस्सु र कुहिरोले अत्यधिक चिसो भएको स्थानीय रामसुहावन यादवले बताए । चिसोले ज्यालादारी काम गर्ने बढी मारमा परेका छन् । उनीहरू काममा जान पाएका छैनन् । चिसोले काम गर्न जान नपाएको बाँकेको डुडुवा गाउँपलिका-४ का रामदिन गोडियाले बताए । आगो बालेर यहाँका नागरिकले न्यानो लिइरहेका छन् ।

चिसोले बिहान आवतजावत गर्ने विशेष गरी विद्यार्थी, मजदुर, बालबालिका, गरिब असहाय र ज्येष्ठ नागरिक बढी प्रभावित छन् । चिसोकै कारण दम, निमोनिया, रुघाखोकी, ज्वरोलगायतका बिरामी बढेका छन् ।




# बैंकिङ ज्यादती विरुद्ध उत्रिए व्यावसायी




कपिलवस्तु १४ पुस

बैंक तथा वित्तीय समस्या समाधानार्थ उद्योगी व्यवसायीले दाङको घोराहीमा विरोध प्रदर्शन गरेका छन् । बैंकको बढ्दो ब्याजदर, प्रिमियर दरलगायतको विरुद्धमा लुम्बिनी प्रदेशका उद्योगी व्यासायीले विहिवार टाउकोमा कालो पट्टी बाँधेर प्रदर्शन गरेका हुन् ।

प्रदर्शनमा उत्रिएका उद्योगीव्यसायीले 'प्रिमियम दर वृद्धि नियन्त्रण गर', 'ब्याजदर एकल अंक गर', 'ब्याजदरमा स्थिरता कायम गर', 'चालु पुँजी कर्जा निर्देशिका स्थगित गर', 'बैंकिङ आतंक बन्द गर'लगायतका मागसहितका पम्प्लेट बोकेका थिए ।

आफ्ना माग कतैबाट पनि सुनुवाइ नभएपछि आफूहरु सडकमा उत्रिन बाध्य भएको नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण शर्माले बताए । 'हामीले पटक पटक उद्योगी व्यवसायीका समस्याहरु सरकारसंगै बैंक वित्तीय संस्था समक्ष राख्यौं तर सुनुवाई भएन, अब हामीले भोलिबाट चरणबद्ध आन्दोलन गर्नेछौं', उनले भने । उनले उद्योगी व्यवसायीहरुको समस्या समाधान नभएसम्म देशको अर्थतन्त्र नसुध्रने दाबी गरे ।'सरकारले निजी क्षेत्रका सदस्यहरुलाई बोलाएर माग सम्बोधनका लागि पहल गर्ने आश्वासन दिए । तर, अहिलेसम्म पनि केही कदम नचाली राष्ट्र बैंक मौन बसेका कारण पनि विरोध गर्न लागिएको हो', उनले भने ।

विरोध प्रदर्शनमा सहभागि कपिलवस्तु उद्योग बाणिज्य संघका अध्यक्ष डोलकराम घिमिरेले बैंक तथा वित्तीय संस्थाहरुले व्यवसायीहरुलाई मानसिक यातना दिने गरेको बताए । 'अहिले सबै उद्योग व्यवसाय धरासायी अवस्थामा छन्,' उनले भने, 'यस्तो अवस्थामा व्यवसायीहरुले कसरी ऋण तिर्न सक्छन् ।' उनले व्यवसायीलाई मानसिक दिने कार्य तत्काल बन्द गर्नुपर्ने बताए । अबको एक हप्तासम्म आफुले विभिन्न चरणमा आन्दोलन गर्ने बताउँदै उनले भने, 'उद्योगी व्यवसायीका मागहरुमा सरकार गम्भिर हुनुपर्छ । तत्काल बैंक तथा वित्तीय संस्थाहरुको आतंक बन्द गराउन पर्छ ।'देशभरका व्यवसायी अहिले बैंकको बढ्दो ब्याजदर, प्रिमियमलगायतको आन्दोलन गरिरहेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशको आयोजनामा उद्योगी-व्यासायीहरुले घोराही बजार क्षेत्रमा विरोध प्रदर्शन गरेका हुन् । उक्त विरोध कार्यक्रममा लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका उद्योग बाणिज्य संघका पदाधिकारीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

## बैंकको बढ्दो ब्याजदर : व्यवसायी आन्दोलनमा



कपिलवस्तु १४ पुस

कपिलवस्तु उद्योग बाणिज्य संघले चरणबद्ध आन्दोलन गर्ने भएको छ । बैंकको बढ्दो ब्याजदर, प्रिमियर दरलगायतको विरुद्धमा संघले भोलि शुक्रबारबाट पौष २२ गतेसम्म चरणबद्ध आन्दोलन गर्ने भएको हो । नेपाल उद्योग बाणिज्य महासंघ लुम्बिनी प्रदेशको परिपत्रअनुसार आन्दोलन गर्न लागिएको कपिलवस्तु उद्योग बाणिज्य संघका अध्यक्ष डोलकराम घिमिरेले जानकारी दिनु भयो ।

उद्योगी व्यवसायीका माग कतैबाट पनि सुनुवाइ नभएपछि आफूहरु सडकमा उत्रिनु पर्ने स्थिति सिर्जना भएको उहाले बताउनु भयो । 'हामीले पटक पटक उद्योगी व्यवसायीका समस्याहरु सरकारसंगै बैंक वित्तीय संस्था समक्ष राख्यौं तर सुनुवाई भएन, अब चरणबद्ध आन्दोलन गर्न बाध्य भयौं', घिमिरेले भन्नु भयो । व्यवसायीका माग सम्बोधन नभएसम्म आफुहरुले आन्दोलनलाई जारी राख्ने अध्यक्ष घिमिरेको भनाई छ ।उनले उद्योग व्यवसायीका मागप्रति सरकार गम्भिर नभए थप संघर्ष चर्काउने चेतावनी दिनु भयो ।

यस्ता छन् विरोधका कार्यक्रमहरु

१.पौष १५–२१ गते सम्म गते सम्म सेतो कपडामा हस्ताक्षर गरी सरकार र राष्ट्र बैंकमा बुझाउने ।

२.पौष १७ गते विहान ११ बजे सबै उद्योग वाणिज्य सघंले कालो पट्टी बाधेर विरोध प्रदर्शन गर्ने।

३.पौष १८मा जनप्रतिनिधी र सबैबैंकका प्रमुखहरु राखेर व्यवसायिलाई आतंकीत नबनाउन छलफल गर्ने ।

४.पौष १९ गते राष्ट्र बैंक रहेको ठाउँ तथा राष्ट्र बैंक नभएको ठाउँमा जिल्ला प्रशासन कार्यालयमा कालो पट्टी वाधेर २ घन्टे धर्ना कार्यक्रम गर्ने ।

५.पौष २० गते सबै प्रदेशका उद्योग वाणिज्य सघंहरु सँग समन्वय गरी काठमाण्डौं केन्द्रित कार्यक्रमको तयारी गर्ने ।

६.पौष २२ गते देखि काठमाण्डौं केन्द्रित आन्दोलन गर्ने ।

यसैबीच कपिलवस्तु उद्योग बाणिज्य संघको नियमित बैठक भएको छ । संघको सभाहल चारनम्बरमा विहिबार बैठक सम्पन्न भएको हो । बैठकले माग १७ गतेदेखि सुरु हुने १३ औ कपिलवस्तु महोत्सवको तयारीलाई थप तीब्रता दिने निर्णय गरेको छ । बैठकमा कपिलवस्तु उद्योग बाणिज्य संघका निवर्तमान अध्यक्ष उमानाथ पौडेल, वरिष्ठ उपाध्यक्ष छवि रेस्मी मगर, उपाध्यक्ष तुल्मीराम घिमिरे, खुमानन्द घिमिरे, शालिकराम भुसाल, महासचिव मनोज पौडेल लगायतले आआफ्नो धारणा राखेको सचिव खिमानन्द पौडेल कोपिलले जानकारी दिनु भयो ।यसैबीच कपिलवस्तु उद्योग बाणिज्य संघले संघका पुर्व कार्यसमिति सदस्य फर्शुराम पन्तको निधनप्रति दुःख प्रकट गर्दै उहाँकै निवासमा शोकसभा सम्पन्न गरेको छ ।

# सम्पादकीय

## छाडा चौपाया व्यवस्थापन

जारभरि जता गयो उतै, सडकका चोक चौराहामा र किसानका खेत खलिहानमा छाडा चौपाया देख्न सकिन्थ्यो सधै । अब कम होला केही समयका लागि तौलिहवा आसपास । तर सधैंका लागि नहोला । अल्पकालीन रुपमा कपिलवस्तु नगरपालिकाले व्यवस्थापन गरेकोले चपरतल्लामा । सवै नगरपालिकाले उस्तै तरिका अपनाएका भए अलि सहज हुँदो हो । एउटाले मात्रै गर्न खोज्दा सम्भव हुँदैन, चारैतिरबाट छिर्नेलाई थेग्न सक्दैन । जम्मा चारजना हेरालु राखेर पानी, पराल र भुसाको व्यवस्था गरेर मात्र हुँदैन । छाडा चौपायाका लागि हुने खर्च उनीहरुबाटै उपर गर्न सकिने उपाय अपनाउन थालेमा सहज होला, नत्र हुन्न ।

मर्जादपुर होस् वा कृष्णनगर, चाकारचौडा होस् वा हरदौना । जहाँ गए पनि नेपाल-भारत सीमाना भेट्न सकिन्छ । मान्छेका लागि हो त्यो । पशु-पक्षीका लागि होइन । मूलबाटो भएर आवत-जावत पनि गर्दैनन् । खुल्ला सीमानाको असर मेचीदेखि कालीसम्मै परेको छ नेपालको समथर भू-भागमा । दक्षिणतिरबाट अनियन्त्रित रुपमा उत्तरतिर छाडा चौपाया लखेट्दिने चलनले । दुवै देशका सीमा क्षेत्रका जिल्लाधिकारी र सुरक्षा प्रमुखहरुका बीचमा बैठक हुन्छन् दुई/चार महिनामा आवश्यकतानुसार । ती बैठकमा सीमा सुरक्षा र व्यवस्थापन, अपराध नियन्त्रण सहित अरु विषयमा कुरा भए पनि छाडा चौपाया रोकथाम, व्यवस्थापन र नियन्त्रणका बारेमा हुँदैनन् । त्यसैले पनि नेपालतिरका एउटा, दुइटा पालिकाले चाहेर पनि व्यवस्थापन गर्न सम्भव हुँदैन । केही वर्ष पहिले नेपालगञ्जले दक्षिणी दबाब थाम्न नसकेर छाडा चौपाया ट्रकमा लोड गरेर पहाडतिर लगेर छाड्दा भएका दुर्घटना सम्झे पुग्छ । त्यसैले पनि अल्पकालीन भन्दा दीर्घकालीन समाधानतिर लाग्न पर्छ । कसैले एक्लै गरेर हुँदैन, सवै मिलेर गरे सहज हुन्छ । अरुले नभ्याए जिल्ला समन्वय समितिले पहल गर्दा पनि काम देखिन्छ । बिनाकामको समिति अबगालबाट बँच्न पनि सकिन्छ ।

छाडा चौपाया नियन्त्रण र व्यवस्थापनका लागि किसानलाई प्रोत्साहन गर्ने हो भने अलि सहज होला । जसबाट मल, उर्जा र दुग्ध पदार्थको परिपूर्ति हुन्छ उनीहरुलाई । पालिका, प्रदेश र संघ सरकारले मिलेर गाई गोरु बाच्छा बाच्छी ओसार पसार र विक्री वितरण खुल्ला गर्ने हो भने पनि आय आर्जन हनुका साथै सधैंको तनाव व्यहोर्न पर्दैन । विक्री वितरण गर्न दिदा वितिकै आज लखेट्नेले बेच्न पाउने छन् । अनि कसैले पनि छाडा छाड्ने छैनन् । भैसी र पाडा पाडी छाडा नहुने, गाई गोरु मात्रै छाडा हुने कारण त्यही हो । कुनै सम्प्रदायले धार्मिक दंगा-फसाद गर्छन् भने उनीहरुले आफ्नो जिम्मेवारी पनि निभाउन पर्छ । नत्र सरकारले व्यवस्थापन गर्न खोज्दा अवरोध गर्न पाइदैन । गौमाता र लक्ष्मी भन्नेले घरमा राखेर पाल्न नसक्ने हो भने विरोध गर्न पनि हुँदैन । आफुले पालेर नराख्ने, विक्री वितरण र ओसार पसार गर्न खोज्दा पनि नदिने हो भने सास्ती व्यहोर्न तयार हुन पर्छ । यस्ता विषयमा बहस चलाउन पर्छ सवैं पालिका र प्रदेशले । पहिले नसम्झनेले पनि पछि सम्झने छन् र विक्री वितरण तथा ओसार पसार गर्न दिनेछन् ।

# पालो अब परिवर्तनको




**गोपीकृष्ण ढुंगाना**

विकास र समृद्धिको नमुना गोरखाबाट सुरु गर्छु। यही मूल एजेन्डा बोकेर २०७९ मंसिरको संसदीय निर्वाचनमा मत मागेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पुस १० मा प्रधानमन्त्री बने। अब उनको एजेन्डा र दायित्व देशको समग्र विकास र समृद्धिसँग जोडिएको छ। संसद्मा तेस्रो ठूलो दल भए पनि माओवादीका अध्यक्ष प्रचण्ड राजनीतिक पासा पल्टाउन सफल भएका छन्। तीन करोड नेपालीको चाहना अब राजनीतिक पासा जसरी 'नेपालको भाग्य र भविष्य' पल्टाउन् भन्नेमा छ। अघिल्लो सरकारमा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीको कुर्सीबाट ढाल्ने प्रचण्डलाई अहिले जसरी ओलीले नै 'सिंहदरबारको सर्वोच्च कुर्सी' दिए, ठीक त्यसरी गठबन्धन र अन्य राजनीतिक स्वार्थले तहसनहस भएको विकास र समृद्धिको 'अवस्था'लाई अब प्रचण्डले 'सर्वोच्च' टाकुरामा पुऱ्याऊन्। 'प्रचण्ड' जस्तो नाम त्यस्तै काम होस्, प्रधानमन्त्री प्रचण्डलाई तीन करोड नेपालीको शुभकामना।'

२०५६-५८ ताका त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर गर्दै गर्दा जसरी तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई आमजनताले सरकारबाट हटिदिए हुन्थ्यो भन्ने चाहना गरेका थिए, यसअघि प्रधानमन्त्रीको चिट्ठा परेका शेरबहादुर देउवालाई यसपटक प्रधानमन्त्री नबनिदिए हुन्थ्यो भन्ने जनमत थियो। भयो पनि त्यस्तै, संसद्मा पहिलो दल बनेको कांग्रेसका संसदीय दलका नेता देउवाको 'मदहोस'ले अबको पाँच वर्ष पाएको भए नेपालको समृद्धि त के विकास थप अधोगतिमा जाने संकेत देखिइसकेको थियो। यद्यपि यो पंक्तिकारको सोच होइन तथापि किन यो आवाजसहितको जनमत गुञ्जियो त ? पुस ९ गतेसम्मको देउवा नेतृत्वको सरकारले यसबीच नभाँचेको 'सिन्को' यसको बलियो प्रमाण हो। जनचाहना नेपालमा भव्य विकास होस् र समृद्धि छाओस् भन्नेमा केन्द्रित छ। ग्यारेन्टी गर्न सक्ने अवस्था त छैन तर पनि देउवाभन्दा दाहाल नेतृत्वको सरकारले पक्कै दुईचारवटा सिन्का भाँच्नेछ। देश नयाँ राजनीतिक गोरेटोमा अघि बढेको आभास आम नेपालीलाई महसुस गर्नेछ। कांग्रेसभित्रै ठूलो संख्या थियो देउवा सरकारमा नजाऊन् भन्ने। यसको मूलकारण उनीबाट परिवर्तनको घण्टी बज्ने देखिएन।

परिवर्तनको घण्टी अब प्रचण्डले बजाऊन्। यद्यपि प्रधानमन्त्री प्रचण्डसामु चुनौतीका चाङ चुलिएको स्पष्ट देखिएको छ। यो सामान्य हो। नेतृत्व सम्हाल्ने कसलाई पो चुनौती हुँदैन र ? 'डरके आगे जित' भनेझैं चुनौतीभित्रै उनको जित पनि छ। यदि चुनौतीमै रुमलिइरहे भने त उनले केवल सिंहदरबारको सर्वोच्च कुर्सीको अपमान मात्र गर्नेछन्। भलै सिंहदरबारभित्र ४४औं प्रधानमन्त्रीको नाममा आफ्नो तस्बिर टाँग्लान्। जनयुद्धदेखि आजसम्मका आरोह-अवरोहले प्रचण्डलाई पक्कै 'सही पाठ' सिकाएको हुनुपर्छ। राष्ट्रका दीर्घकालीन समस्याहरू समाधान गरे भने उनले आफ्नो 'प्रचण्ड' नामलाई सार्थक बनाउनेछन्। तेस्रो कार्यकाल 'काम गर्नलाई' आएको भन्ने वाक्य अफापसिद्ध नहोस्। जनयुद्धपछि 'मुलुकमा आमूल परिवर्तन गर्छौं' भन्ने प्रचण्ड नेतृत्व माओवादीलाई बाह्रबुँदे सम्झौतापछि सरकारमा पुऱ्याएकै हुन्। यद्यपि सत्तास्वार्थमा लिप्त हुँदा माओवादीले कुनै 'लछारपाटो' लगाएन। जनताले त्यसको सही मूल्यांकन गरेर झन्डै 'पत्तासाफ' पारिदिए। एक किसिमको

'आत्मविश्वास' र 'मनोबल' प्रचण्डमा जनताले देखेकैले सायद उनलाई 'तेस्रो' र सम्भवतः 'अन्तिम' विकल्प दिएका हुन्। यो अढाई वर्षको 'पर्फर्मेन्स'ले प्रचण्ड 'प्रचण्ड' बनेर निस्किऊन्, ता कि उनको यो 'अन्तिम' नहोस्।

'देशमा राजनीतिक प्रणाली बदलिए। शासन फेरिए। सत्ता बदलिए। सत्ता-खेलमा समीकरण यता-उता भए। राष्ट्रको मुहार भने फेरिएन। सुशासन आएन।' प्रधानमन्त्री प्रचण्डलाई शुभकामना दिँदै अन्नपूर्ण पोस्ट्मा सम्पादकीय छ। अब पनि उनले ठप्पजस्तै भएको विकासको गतिलाई 'स्पिडअप' गर्न सकेनन्, देश सञ्चालनका लागि 'सिस्टम' बसालेर 'सुशासन' दिन सकेनन् र 'असरल्ल' सेवाप्रवाहलाई नागरिकले सहज महसुस गर्ने गरी 'चुस्त, दुरुस्त सेवासुविधा' दिन सकेनन् भने सम्भवतः सरकारको नेतृत्व गर्न पाउने अवसर प्रचण्डका लागि अवश्य 'अन्तिम' हुनेछ। बेलैमा बुझून्, मनन् गरून् र जनचाहना/जनआवश्यकता अनि मुलुकको आवश्यकताअनुसार 'समृद्ध नेपाल : सुखी नेपाली' बनाऊन्। टाढा नजाऔं, त्यो चीन यो चीन बनेर 'विश्वकै नम्बर १' भइरहँदा उसले अपनाएका विकासका मोडल र त्यसको

**तीन करोड नेपालीको चाहना सरकार बनाउन राजनीतिक पासा पल्टाएजसरी नेताहरूले 'नेपालको भाग्य र भविष्य' पनि पल्टाउन् भन्नेमा छ।**

आधार 'सूचना-प्रविधि' नियालून् र प्रचण्डले नेपालको जग खनून्। कथंकदाचित प्रचण्डले सकेनन् भने अढाई वर्षपछि प्रधानमन्त्री बन्ने एमालेका अध्यक्ष केपी ओलीले नेपाललाई यसरी गति दिऊन्।

नेताका नजरमा अझै 'जनता' बनिरहेका नागरिक (मतदाता) कति चेतनशील बनिसके भन्ने प्रमाण त २०७९ को स्थानीय, प्रदेश र केन्द्रको निर्वाचन परिणाम हेरे काफी हुन्छ। सूचना-प्रविधिमार्फत छलाङ मार्ने देशहरूको सूचीमा नेपाल परोस् भन्ने चाहेका छन् नेपालीजनले। प्रकृति र संस्कृति अनि सम्पदामा धनी नेपालले यी तीन कुरामा विश्वमा नेतृत्व गर्नुपर्छ अब। पश्चिमा देश भौतिक पूर्वाधारका

**'माओवादीले नै गऱ्यो व्यवस्था परिवर्तन, माओवादीले नै गर्छ अवस्था परिवर्तन' बोलेको कुराले प्रचण्ड नेतृत्वको वर्तमान सरकारमा रहँदा माओवादीलाई नै नपोलोस् मात्र। कुनै पनि दल जो सरकारको नेतृत्वमा पुग्छन्, तिनले जनतालाई जनार्दन बनाऊन्। जनताका आवश्यकता र जनचाहनालाई आफ्नो स्वार्थ देखून्। बस्, यति भए पुग्छ।**

दृष्टिले 'अब्बल' छन् तर उनीहरू 'अध्यात्ममा अभावको जीवन' बाँचिरहेछन्। परिवार तहसनहस बनेर रातोदिन 'स्ट्रेस'को सामना गरिरहेका छन् भने अर्कोतिर 'समाज'मा 'सद्भाव'को अभावमा 'रित्तो' र 'खोक्रो' जीवन बिताइरहेका छन्। नेपाली समाजमा नेपाली यस अर्थमा 'सर्वाधिक धनी' छ तर कस्तुरीले आफ्नो वीणाको महत्त्व नबुझेसरह। नेपालीको आत्मीयता, संस्कृति र सम्पदा अन्य देशले पाउने हो भने सुविधासम्पन्न ती देशहरू 'सुनमा सुगन्ध'ले सजिने थिए होलान्। यत्ति हो, जलस्रोतले विश्वकै दोस्रो धनी देश मानिएको नेपालमा अबका दिनमा 'लोडसेडिङ' नहोस्, चौबिसैघण्टा धारामा खानेपानी आओस्। कृषिप्रधान देशमा किसानले मल, बीउबिजनसहितका कृषि उपकरण पर्याप्तता महसुस गरून्। चामल, तरकारीलगायतका सबै उत्पादन 'छेलोखेलो' होस् अनि 'निर्यात' गर्न पुगोस्। 'हरियो वन, नेपालको धन' भन्ने उहिलेको नाराले सार्थकता पाओस्।

सबैको दृष्टिमा सामान्य बन्दै गएको एउटा महत्त्वपूर्ण विषयले अब 'ए प्लस' पाउनुपर्छ, त्यो हो धुमिलिएको अन्तर्राष्ट्रिय छवि। अब पनि नेपाल विश्वको बुझाइमा 'डेभलपमेन्ट डिप्लोमेसी'मा कमजोर छ भन्ने भइरह्यो भने खासगरी विकसित देशहरूको 'साथ' र 'साख' दुवै गुमाइरहनेछ। यसको लागि 'स्वार्थ' कतै देखिनु हुन्न, देखिनुपर्छ त केवल 'विकास र समृद्धिका एजेन्डाहरू'। नेपालीले खोजेको झनै महत्त्वपूर्ण विषय खोतल्नै बाँकी छ, जुन देश विकासको मूल आधार पनि हो, शिक्षा र स्वास्थ्य। विश्व प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरको शिक्षा र स्वास्थ भयो भने नेपाली 'बिदेसिन' छोड्ने छन् अनि 'आत्मनिर्भर'मा 'अग्रगामी छलाङ' मार्न सफल हुनेछन्। यी सबैका लागि अधोगतिमा रहेको देशको अर्थतन्त्र क्रमशः उकालोतिर उचाल्नु छ जुन वर्तमान सरकारको अर्को चुनौती हो। नेपाल र सार्वभौम नेपालीमा स्वाभिमान र स्वाधीनता नभएर होइन, नगरेर 'खोक्रो' भएको-देखिएको हो। जोस, जाँगर हुनेहरू पनि 'वातावरण' नभएर 'होस' गुमाएका छन्। नेताहरूले आफू र आफ्नालाई काखी च्याप्ने प्रवृत्ति आजैबाट अन्त्य गर्दिए भने र योग्य एवं क्षमतावान्लाई स्थान दिन थाले भने विकासका सहयात्री सबै क्षेत्रले गुणस्तरयुक्त परिणाम ल्याउने छन्।

राजनीतिमा देखिएको रणनीतिक कौशलता अब विकासमा प्रतिविम्बित हुनुपर्छ। विगत बिर्सिदिऊँ, सम्झिएर पनि काम खासै होलाजस्तो लाग्दैन। हालै सम्पन्न निर्वाचन २०७९ का लागि माओवादी केन्द्र र एमालेले चुनावी घोषणापत्रमा लेखेर गरेका प्रतिबद्धता मात्रै पूरा गरे हुन्छ। अढाई-अढाई वर्षको आआफ्नो पालामा यी दुई पार्टीले र यी दुईबाहेक जो जो सरकारमा मन्त्रालय सम्हाल्न पुग्छन्, तिनले पनि घोषणापत्रका वाचा पूरा गरे जनता-नागरिकले थोरै भए पनि सन्तोषको सास फेर्थे कि ? माओवादीले लेखेको थियो, 'सामाजिक न्यायसहितको समावेशी विकास, माओवादी नेतृत्व नै सबै समस्याको राष्ट्रिय निकास!' प्रधानमन्त्री प्रचण्डले यो नारा सार्थक तुल्याउँलान् ? यस्तै 'माओवादीले नै बनाउँछ समृद्ध नेपाल', 'समृद्धिका लागि माओवादीलाई मतदान', 'गाउँगाउँ पुग्ने पर्यावरणमैत्री दिगो पूर्वाधार विकास', सुशासन र समृद्धिका लागि स्थिर राजनीति', 'धन, बल, विभेद र भ्रष्टाचारबाट मुक्त राजनीति', 'राष्ट्रियता र स्वाधीनताका लागि सुदृढ राष्ट्रिय एकता', 'पाँच वर्षमा आधा गरिबी हटाउने', 'कृषि क्षेत्रको रूपान्तरण', 'तीव्र औद्योगिकीकरण र रोजगारी वृद्धि, यसैले ल्याउँछ सुख र समृद्धि' आदि। सबै ठीक छन् तर अब अक्षरशः कार्यान्वयन भए पुग्छ। 'माओवादीले नै गऱ्यो व्यवस्था परिवर्तन, माओवादीले नै गर्छ अवस्था परिवर्तन' बोलेको कुराले माओवादीलाई नै नपोलोस् मात्र।

४१ महिनाका ८२ माइलस्टोन भनेर गर्व गर्ने अघिल्लो सरकारको नेतृत्व गरेको नेकपा एमालेले पनि चुनावी घोषणापत्रमा लेखेका कुरा मननीय र देश विकास हुने खालका छन्।

सहरी विकास : एकीकृत बस्ती र सुरक्षित आवास, हाम्रो नेपाल : निरोगी नेपाल, गतिशील अर्थतन्त्र र सेवाको आधार : यातायात पूर्वाधारको विस्तार, स्रोतसाधनको परिचालन, योजना कार्यान्वयन र दिगो विकास, जनताको कर : जनताकै लागि, सुशासन : हाम्रो उच्च प्राथमिकता, उपभोक्ता हित : आमजनताको हित, सुदृढ संघ, अधिकारसम्पन्न प्रदेश र स्थानीय सरकार दिने भनी कबुलेको एमालेले अबको अढाईवर्षे पालोमा यी काम गरोस्। यस्तै, स्वच्छ, सुन्दर र आधुनिक राजधानी, सांस्कृतिक रूपान्तरण, सामाजिक सद्भाव र राष्ट्रिय एकता, सक्षम राज्य : स्वतन्त्र न्यायालय, सुदृढ राष्ट्रिय सुरक्षा : राष्ट्रिय हित र स्वाभिमानको रक्षा, स्वतन्त्र र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध आदि अनेक सवाल अघि सारेको थियो, सरकारमा पुग्दा नबिर्सिदिए पुग्छ। नागरिकले नै भनून् कि एमालेले आफ्ना प्रतिबद्धता पूरा गर्छ।

कुनै पनि दल जो सरकारको नेतृत्वमा पुग्छन्, तिनले जनतालाई जनार्दन बनाऊन्। जनताका आवश्यकता र जनचाहनालाई आफ्नो स्वार्थ देखून्। ठानून् कि नागरिकको खुसी मेरो खुसी, नागरिकको आवश्यकता मेरो आवश्यकता, नागरिकको स्वार्थ मेरो स्वार्थ! देशभन्दा माथि नेता नहोऊन्। कम्तीमा सरकारमा पुग्ने नेताहरूले देशलाई माथि ठानून्। देशको विकासभित्र आफ्नो विकास देखून्। देशको समृद्धिभित्र आफ्नो समृद्धि भेटून्। बस्, यति भए पुग्छ। -अन्नपूर्णपोष्ट

# पर्यटन क्षेत्रबाट लाभ लिन नसकेको गुनासो

बुटवल, १४ पुस

नेपालको समग्र विकासको प्रमुख आधारका रुपमा रहेको पर्यटन उद्योगलाई सहि रुपमा उपयोग गर्ने नीती तथा कार्ययोजनाको अभाव एवं प्रचार प्रसार गर्न नसक्दा त्यसबाट हामीले लाभ लिन नसकेको बताइएको छ।




१५ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सवको अवसरमा वहिवार प्रदर्शनी स्थल बुटवल मण्डपमा आयोजित पर्यटन उद्योगः विकास र सम्भावना विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने सो क्षेत्रका अगुवाहरुले सो धारणा व्यक्त गरेका हुन्।

उनीहरुले पर्यटन क्षेत्रलाई सैद्धान्तिक रुपमा आर्थिक विकासको प्रमुख आधार बताउँदै आएको भए पनि त्यसलाई उपयोग गर्ने ठोस नीति बनाउन नसकेको गुनासो गरेका थिए। पर्यटनको प्रचुर सम्भावना मात्र होइन नेपालमा पर्यटन क्षेत्रमा प्रशस्त अवसरहरु रहेको छ तर त्यसलाई ठिक ढंगले उपयोग गर्ने काम हुनै सकेन उनीहरुको भनाई थियो।

वक्ताहरुले अन्य उद्योगहरुमा कच्चा पदार्थ र ढुवानीको ठुलो लगानी हुने भए पनि पर्यटन उद्योगमा कच्चा पद्धार्थ र ढुवानी आवश्यक नपर्ने भएकाले नेपाली माटोमा पर्यटन उद्योग सबैभन्दा उपयुक्त भएको बताएका थिए।

कार्यक्रममा नेपालमा अन्य उद्योग सञ्चालनका लागि लगानी महङ्गो पर्ने तर पर्यटन उद्योग सजिलै सफल हुन सक्ने बताउँदै उनीहरुले नेपालको संस्कृति र प्रकृति आफैमा अमुल्य उपहार भएको भन्दै त्यसलाई मार्केटिङ र ब्राण्डिङ गर्न अब ढिला गर्न नहुने सुझाव दिएका थिए।

कार्यक्रममा पर्यटन उद्योग विकास र सम्भावनाबारे कार्यपत्र प्रस्तुत गर्दै डा.हरिध्वज राईले पर्यटन व्यवसाय मात्र नभएर विज्ञान पनि भएको बताउनु भयो। उनले नेपालमा पर्यटन विकासका लागि प्राकृतिक उत्पादन, साँस्कृतिक उत्पादन, आकीलजिकल साईड, पर्यटन मेला, हेल्थ टुरिसम उत्पादन गर्न सकिने उल्लेख गरे। पर्यटन उद्योगमा लगानी भए पनि नेपालमा पर्यटन उद्योगको मार्केटिङ र ब्राण्डिङ हुन नसकेको उनको भनाई थियो।

उनले पर्यटनको अन्य कुनै विकल्प नभएको बताउँदै उनले नेपालमा खैरो कपाल र सेतो छालालाई मात्र पर्यटकका रुपमा चिन्ने पृवृत्तिलाई अन्त्य गर्दै प्रतिस्पर्धात्मक लाभको कुरा गर्दा नेपालमा पर्यटनको सम्भावना प्रचुर रहेको बताएका छन्।

पर्यटन ग्रामिण विकास तथा शहरी विकास मन्त्रालयका सचिव डा.जक्कि मोहमद अन्सारीले उद्योग र पर्यटनको प्रवर्द्धनमा महोत्सवको महत्व रहेको बताउँदै कार्यान्वयन पाटोमा कमजोरीलाई हटाउने गरी लाग्नुपर्ने बताउनु भयो।

लुम्बिनी प्रदेशका पर्यटन विकास परिषद्का कार्यकारी निर्देशक रामु जोशीले चुरेको रेन्ज नै पर्यटन विकासको सम्भावना भएको बताउँदै १२ जिल्लामा गन्तव्य पहिचान गरिरहेको जानकारी दिँदै लुम्बिनी प्रदेश पर्यटनको सम्भावना नै सम्भावना भएको प्रदेश भएको दाबी गर्नु भएको थियो।

लुम्बिनी विकास कोषका कोषाध्यक्ष शिद्धिचरण भट्टराईले ईश्युगत रुपमा काम गर्नुपर्ने बताउँदै यस क्षेत्रमा काम गर्नेहरुले आआफनो भूमिकालाई बुझ्ने र काम गर्न जरुरी रहेको धारणा व्यक्त गर्नु भयो। बहसलाई केवल बहसमा नराखी अब ब्यवहारमा लैजानु पर्ने उनले बताउनु भयो।

रुपन्देही उद्योग संघका अध्यक्ष माधव प्रसाद पौडेलले नीजि क्षेत्रका उद्योगी व्यवसायीहरुले पर्यटन क्षेत्रमा लगानी गर्ने र नेपालको पर्यटनलाई उद्योगको रुपमा स्थापित गर्न चाहेको भए पनि राज्यले पर्यटन मैत्री नीति बनाउन नसकेको बताउनु भएको थियो। उहाँले संघले पर्यटनको क्षत्रेमा काम गर्न प्रतिवद्ध भएको धारणा राख्नु भएको थियो।

पर्यटन ब्यवसायी माधव नेपालले पर्यटन विकासमा सिद्धान्त धेरै राम्रो भए पनि ब्यवहारमा उतार्न कठिनाई देखिएको बताउनु भयो। धेरै काम गर्न सकिने सम्भावना रहेको भन्दै उनले रामापिथेकसको विकास, पिथेकसको मुर्ति स्थापना गराएर प्रचार गर्ने, कर्णेल उजिरसिहको बिशाल मुर्ति, जितगढीबाट फुलबारीसम्म जाने सुरुङमार्ग जस्ता विषयलाई प्रचार गर्न सके पर्यटनको प्रवर्द्धन हुन सक्ने बताउनु भयो।

कार्यक्रम संघका अध्यक्ष माधव प्रसाद पौडेलको अध्यक्षता, महासचिव हरि बहादुर खत्रीको संचालन तथा गोष्ठी उपसमितिका संयोजक राजु घिमिरेको स्वागतमा भएको कार्यक्रममा पत्रकार शरण कर्मचार्य, दिनेश पाण्डे, मुकुन्द ज्ञवाली लगायत बोल्नु भएको थियो।

# भारतमा बनेको खोकीको औषधीले १८ बालबालिकाको ज्यान लियो

काठमाण्डौ १४ पुस

ज्बेकिस्तानले भारतमा बनेको खोकीको झोल औषधि खाँदा १८ बालबालिकाको ज्यान गएको दाबी गरेको छ।



उज्बेकिस्तानको स्वास्थ्य मन्त्रालयले नोएडाको कम्पनी मेरियन बायोटेकले बनाएको झोल औषधी 'डक-१ म्याक्स' खाएका १८ जना बालबालिकाको ज्यान गएको दाबी गरेको हो । यो औषधिमा परीक्षणका क्रममा इथिलिन ग्लाइकोल नामक विषाक्त पदार्थ भेटिएको पनि त्यहाँको स्वाथ्य मन्त्रालयले दाबी गरेको छ।

यस्तै, ती बालबालिकाले डाक्टरको प्रेसक्रिप्सन एवं सल्लाह बिना नै अधिक मात्रामा औषधि खाएको पनि उज्बेकिस्तानको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

विश्व स्वास्थ्य संगठनले बालबालिकाको ज्यान गएको घटनाको छानबिन र अनुसन्धानका लागि उज्बेकिस्तानलाई सहयोग गर्ने जनाएको छ । यसअघि भारतमा बनाइएको खोकीको औषधि खाँदा अफ्रिकी देश गाम्बियामा ७० जना बालबालिकाको ज्यान गएको थियो।

Krishnanagar manicipality

## Office of Municipal Executive

Krishnanagar , Kapilvastu

Lumbini Province

## Invitation for online Bids

Date of first publication : 2079-09-15 (30th Dec ,2022)

The krishnanagar Municipality, Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.np for the brief description with public entity name: Office of Municipal Executive Krishnanagar ,kapilvastu .

| S.N | Contract ID | Name of Projects | Estimated Amount (with out VAT & Contingencies) NRS | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/NCB/WS-01/079-80 | construction of overhead tank in chhitauni dihawa | 44,55,294.81 | 1,29,000.00 | 3000.00 | 30-01-2023 12:00 | |
| 2 | KNM/NCB/WS-02/079-80 | construction of over head tank in khaira | 44,55,294.81 | 1,29,000.00 | 3000.00 | 30-01-2023 12:00 | |

**Ishwari Prasad Sharma**

Chief Administrative Officer

## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कृष्णनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश

मिति:२०७९|०९|१५

बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

यस कृष्नानगर नगरपालिकाको आ.व.२०७९/८० को लागि ठेक्का द्वारा सुरही खोला माडा दयानगर गुर्चिहवा क्षेत्रमा बालुवा उत्खनन तथा संकलन गर्न(Contract Number KNM/RBM-01/079/80) का लागि मिति २०७९/०८/२६ गते बुद्ध दर्पण राष्ट्र दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान(अन्तरिक आय) सम्बन्धि सूचना अनुसार रितपूर्वक मिति २०७९/०९/१२ गते दिउसो १२:०० बजे सम्म पर्न आएका तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र बढी मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रप्रकाशन गरिएको छ |

तपशिल

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | आयोजनाको नाम | कबोल अंक(मु.अ.कर र अग्रिम आयकर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KNM/RBM-01/79/80 | आर.के निर्माण सेवा कृष्णनगर न पा.-०५ | सुरही खोलाको माडा, दयानगर, गुर्चिहवा नाकामा बालुवा उत्खनन तथा संकलन | २६,९७,०५५/२३ | |

ईश्वरी प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत


## वडा बासीमा अनुरोध

-जन्म मुत्यु बिबाह बसाईसराई समबन्ध बिच्छेद जस्ता ब्यक्तिगत घटनाहरु समयमै दर्ता गराऔ
-गाँउघर बस्टीटोल सफा राखौ ,
- सडकमा छाडा चौँपया नछोडौ ,
-एक घरमा एक चर्पी निर्माण गरौ ,
-घर नक्सा पास गरेर मात्र निर्माण गराऔ ,
-राष्ट्रिय परिचय पत्र अनिवार्य बनाऔ ।

अनुरोधक
कृष्णनगर नगरपालका
२ नम्बर वडा कार्यालय

अपाङ्गता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजैबाट अन्त्य गरौं ।
अनुरोधक :-
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रुपन्देही

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं ।राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।
अनुरोधक :-
शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
अर्घाखाँची

अखाद्य,सडेगलेको वा म्याद नाघेको वा अस्वाभाविक रुपमा बढि मुल्य लिने वा कम तौल बिक्री गरेको पाइयमा नजिको प्रहरी कार्यालयमा सम्पर्क गरौं ।
अनुरोधक :-
कञ्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

नदिजन्य पद्धार्थको दोहन नगरौं । यदि कसैले यस्तो कार्य गरेको देखेमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा खबर दिऔं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

उपभोग्य वस्तु खरिद गर्नु अघि अनिवार्य रुपमा वस्तुको मुल्य , उत्पादकको नाम ठेगाना ,तौल ,उत्पादन र उपभोग गर्न सकिने मिति हेरेर मात्र खरिद गरौं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

मरेका पशुपंक्षी लगायतका संक्रमित वस्तुहरु नदी,कुलो खेतमा नफालौं ।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घरेलु हिंम्सा अपराधको जघन्य प्रकार,सबै मिलि गरौं यसको प्रतिकार
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजै वाट अन्त्य गरौं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

आफुले पालेका पशुपंक्षीलाई खुला रुपमा नछोडी थुनेर मात्र पालौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

# सुन काण्डमा मुछिएका डीएसपी ठगबहादुर निलम्बित

बुटवल १४ पुस




सुन काण्डमा मुछिएका इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक डीएसपी ठगबहादुर केसी निलम्बित भएका छन् । सुन व्यापारीसँग घुस रकम लिएको आरोपमा केसीलाई प्रहरी प्रधान कार्यालयको सिफारिसमा गृह मन्त्रालयले बिहीबार निलम्बन गरेको हो । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी प्रमुख रवीन्द्र रेग्मीले अनुसन्धानका लागि उनलाई निलम्बन गरिएको सूचना पाएको बताए ।

केसीले व्यापारीबाट ३५ तोला सुन बरामद गरेपछि मुद्दा प्रक्रिया अघि बढाउनुको साटो रकमको बार्गेनिङ गरेको जानकारी पाएपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबीले अनुसन्धान गरेको थियो । यही क्रममा प्रहरी प्रधान कार्यालयको निर्देशनमा काठमाडौंबाट आएको टोलीले आइतबार साँझ निवासबाटै उनलाई नियन्त्रणमा लिएको थियो । केसीको निवासमा खानतलासीबाट ३५ तोला सुन र २५ लाख रुपैयाँ नगदसमेत बरामद भएको थियो ।

जसमा ८ लाख ५० हजार रूपैयाँको चेक र ९ लाख ५० हजार रूपैयाँको खिम जीसीको नाममा रहेको चेक थियो । केसीको करतुतबारे अनुसन्धानमा सघाउन निलम्बनका लागि लुम्बिनी प्रदेश प्रहरी कार्यालयले प्रहरी प्रधान कार्यालयलाई सिफारिस गरेको थियो भने प्रधान कार्यालयले गृह मन्त्रालयमा सिफारिस गरेको थियो ।

# लुम्बिनी भिजन क्याम्पसमा खेलकुद सप्ताह

कपिलवस्तु १४ पुस



कपिलवस्तुको बाणगंगा नगरपालिका ३ गंगौलीमा रहेको लुम्बिनी भिजन क्याम्पसमा खेलकुद सप्ताह सम्पन्न भएको छ । स्वास्थ्यको लागि खेलकुद, राष्ट्रका लगि खेलकुद भन्ने मुल नाराका साथ क्याम्पसका खेलकुद संयोजक विष्णुप्रसाद भट्टराईको संयोजकत्वमा खेल सप्ताह भएको हो ।

विद्यार्थीहरुको शारीरिक, मानसिक, संवेगात्मक लगायत सर्वाङ्गिण पक्षको उच्चतम विकासको लगि खेलकुदले अहम भुमिका निर्वाह गर्ने भएकाले क्याम्पसमा वर्षनी खेलकुद सप्ताह आयोजना गर्ने क्याम्प प्रमुख सुन्दर पाण्डेले बताउनु भएको छ । क्याम्पसमा खेलकुद सप्ताहकै रुपमा वर्षमा एक पटक हुने भए पनि बिचबिचमा भने क्याम्पसले विभिन्न खेलकुद कार्यक्रम आयोजना गरिरहने पनि उहाँले बताउनु भएको थियो ।

यहि पौष ५ गते देखि १२ गते सम्म भएका विभिन्न खेलहरुमा ३ सय बढि विद्यार्थीको उपस्थिती रहेको थियो । विभिन्न २२ खेलकुदका कार्यक्रम सञ्चालन भएकोमा ९८ विद्यार्थी विजेता बन्न सफल भएको खेल संयोजक विष्णुप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुन:प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ५० वर्षपछि मिल्यो लालपुर्जा

पाल्पा १४ पुस




रामपुर नगरपालिकाका १ सय ६२ जना जग्गाधनीले ५० वर्षपछि जग्गाको स्वामित्व आफ्नै नाममा पाएका छन् । अहिलेसम्म रसिदका भरमा जग्गाको कारोबार गर्दै आएका थिए । ठुल्ठूला भवन निर्माण भए पनि त्यसका पुर्जा थिएनन् । बैंक तथा वित्तीय संस्थामा ऋण वा अन्य कामका लागि जग्गा र घर प्रयोग गर्न पाएका थिएनन् ।

राष्ट्रिय भूमि आयोगले यसपटक भने पहिलो चरणमा १ सय ६२ जनालाई पुर्जा वितरण गरेर जग्गाको स्वामित्व दिलाएको हो । तत्कालीन गाउँ पञ्चायत, वडा तथा विद्यालयहरूले बिक्री गरेको जग्गामा बसोबास गर्दै आएका जग्गाधनीले जग्गाधनी प्रमाण पुर्जा पाएपछि खुसी भएका छन ।

कपिलवस्तुको बाणगंगाका एक युवाले स्वर्गिय राजा विरेन्द्रको जन्म दिवसका अवसरमा बिहिबार विद्यार्थीहरुलाई न्यानो स्विटर वितरण गरेका छन् । कपिलवस्तुको बाणगंगा नगरपालिका वडा नम्बर ९ भर्तापुर घर स्थायी घर भई हाल रोजगारीका लागि दुबैमा रहँदै आएका भविन कार्कीले स्वर्गीय राजा बिरेन्द्र वीर विक्रम शाहको ७७ औं जन्मदिवसमा आफ्नै गाउँको भर्तापुर आधारभूत विद्यालयका विपन्न दश जना विद्यार्थीलाई विद्यालयको पोशाक अन्तरगतको स्विटर बितरण गरेका हुन् ।आफू स्वदेशमा हाल नभए पनि आफ्नै गाउँको विद्यालयमा अध्ययन गर्ने बालबालिकाको चिसो छेक्न परिवारको माध्यमबाट स्विटर हस्तान्त्रण गरेको बताएका छन् । राजसंस्था र राजतन्त्रको आफू पूर्ण पक्षधर रहेको भन्दै उनले बिरेन्द्रको सम्झनामा विपन्न बालबालिकाहरुलाई न्यानो कपडा वितरण गरेको उनले उल्लेख गरेका छन् ।

# शनिबार औपचारिक कार्यक्रममा नजाने : मेयर थापा

कपिलवस्तु १४ पुस



शिवराज नगरपालिकाका नगर प्रमुख अजय थापाले शनिबार कुनै औपचारिक कार्यक्रममा नबोलाउन आग्रह गरेका छन् ।

विहीबार सामाजिक सन्जाल मार्फत जानकारी गराउँदै नगर प्रमुख थापाले शनिबार संघ संस्था र अन्य कुनै पनि औपचारिक कार्यक्रममा आफू नजाने घोषणा गरेका हुन् ।

उनले शनिबारको दिन नगरबासीको घरआँगनमा पुग्ने बताएका छन् । नगर प्रमुख औपचारीक कार्यक्रममा पुग्दा पुग्दै दिन सकिने गरेका विगतका मेयरका अनुभव छन् । धेरै औपचारीक कार्यक्रममा जादा आफूले गर्ने काममा बाधा पुगिरहेको पालिका प्रमुखहरुको गुनासो हुने गरेको छ ।

शिवराजका नगर प्रमुख थापाले गरेको उक्त घोषणालाई धेरैले स्वागत गरेका छन् । युवा मेयर थापा गत बैशाख ३० गते सम्पन्न स्थानीय तहको चुनावमा राप्रपाबाट निर्वाचित भएका थिए ।










कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि
प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही